# श्री बास्कोटा सामुदायिक वन उपभोक्ता समूह

गोदावरी नगरपालीका ४, कैलाली

कृष्णा देवी जोशी
अध्यक्ष

पत्र संख्या : २०७९/०८०
च.न. ४०

## गोलीया काठ लिलाम बिक्रीको सूचना

(दोस्रो पटक सूचना प्रकाशन मिति : २०८०/०२/२४)

यस सा.व.उ.स. को सामुदायिक वन क्षेत्रबाट आ.व. २०७९/०८० मा नियमानुसार संकलन गरि समूहको कम्पाउण्डमा घाटगद्धि भएको तपशिल बमोजिम लट र परिमाणको गोलिया काठ जेजस्तो अवस्थामा छ सोहि अवस्थामा आफनै खर्चमा उठाई लैजान पर्नेगरि लिलाम बिक्री गर्न पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। सुदूरपश्चिम प्रदेश वन नियमावली २०७८ को नियम ९ मा ब्यावस्था भए बमोजिमका उद्योगहरुले यो सूचना मिति २०८० /०२/२४ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरि १६ औ दिनमा रितपूर्वकको सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ।

### तपशिल :

१) वन पैदावरको विवरण :

| लट नं. | जत | गोलिया थान | काठको परिमाण (घ.फी.) | न्यूनतम मूल्य (रु.) | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १/२०७९/०८० | खयर | ६८ | ६२६।३७ | ६२६३७०। | प्रति क्यू.फिट १३०। | |

२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति : २०८० ३ ६ (ख) समय : दिँउसो ५:०० बजे सम्म

३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति : २०८० ३ ७ (ख)समय : दिँउसो ३:०० बजे सम्म

४) बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस बास्कोटा सामुदायिक वन उपभोक्ता समूहको एन. एम.बि. बैक अत्तरिया शाखामा रहेको खाता नं. १८००१२९२३७१०००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्ने छ।

५) बोलपत्र फाराम प्रति लटको रु १०००। पछि फिर्ता नहुने गरि यस बास्कोटा सा. व. को कार्यालय, गो.न.पा. ४ तथा डिभिजन वनकार्यालय कैलालीबाट खरित तथा दाखिला गर्न सकिने छ।

६) लिलाम बढाबढ हुने वन पैदावार गो.न.पा. ४ स्थीत सा.व.को घाटगद्धी स्थलमा गई हेर्न सकिने छ।

७) लिलाममा भाग लिने उद्योगका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रका साथ पेश गर्नु पर्ने छ।

८) निर्धारित न्यूनतम संख्याका र रितपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८० ३ ७ गते दिनको ४:०० बजे साँक्षीहरुको रहोवरमा खोलिने छ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम, राजस्व , मूल्य अभिवृद्धि कर संकलन खर्च छुटै बुझाई लिलामा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ।

१०) बोलपत्रमा सकार गरेको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ।

११) बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तीम दिन एवं खोलिने दिने सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि बमोजिम हुने छ।

१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वनमा निहित रहने छ।

१३) शिलवन्दी खामको बाहिर स्पष्ट रुपमा बोलपत्रदाताको नाम, ठेगाना तथा लट नं. उल्लेख गर्नु पर्ने छ।

१४) अन्य कुराहरु बुझ्न परेमा यस समूहमा सम्पर्क गर्न सकिने छ।

१५) माथि उल्लेख भएका बुदाँहरु बाहेक छुटहुन गएका बुदाँहरुमा प्रचलित कानुन बमोजिम हुने छ।